## मिति २०८०/१२/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र लामो तथा छोटो दुरिका सवारी साधनहरु विभिन्न स्थानहरुमा पार्किङ्ग तथा सञ्चालन गर्ने गरेको पाईएको हुँदा सम्पूर्ण सवारी साधनहरु पार्किङ्ग तथा सञ्चालन ०४ नं. वडामा अवस्थित बसपार्कबाट मात्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम अनुसार खोपकेन्द्र निर्माण वडा नं. १८, २० र २३ मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालगञ्ज उप– महानगरपालिकामा आगामी आ.व. २०८१/८२ का लागि प्रदेश समपुरक अनुदान ब्यवस्थापन कार्यविधि, २०७८ मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी अर्थ मन्त्रालय, लुम्बिनी प्रदेशमा पठाउने निर्णय गरियो ।

प्रदेश समपुरक अनुदान अन्तर्गतका योजनाहरु

| सि. नं. | योजनाको नाम | कुल रकम | न.पा.ले ब्यहोर्ने | प्रदेश सरकारले ब्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| समपुरक अनुदान तर्फ | | | | | |
| १ | नेपालगञ्ज वडा नं. १० औधोगिक क्षेत्र दक्षिण रतन रावलको घरदेखि पश्चिम सडक निर्माण योजना | १,००,०८,४७४।७८ | ५०,०४,२३७।३९ | ५०,०४,२३७।३९ | |
| २ | नेपालगञ्ज वडा नं. २३ जंगली सिं पूर्वा देखी ल्याण्डफिल साइट जोड्ने सडक र नेपालगञ्ज वडा नं. २२ किङ्गरियनपूर्वा मुल बाटो निर्माण योजना | १,००,४०,०२३।२० | ५०,२०,०११।६० | ५०,२०,०११।६० | |
| ३ | नेपालगञ्ज वडा नं. १८ कृष्ण बिष्टको घर हुदै निर्माणधिन तिरुपती बालाजी मन्दिर जोड्ने सडक निर्माण योजना | १,००,४३,३९५।६४ | ५०,२१,६९७।८२ | ५०,२१,६९७।८२ | |
| ४ | नेपालगञ्ज वडा नं. १ खजुरा रोड डेन्टल हस्पिटल, सेन्ट थोमस हुदै जिल्ला प्रहरी कार्यालय जोड्ने सडक निर्माण योजना | १,००,१०,१३३।३१ | ५०,०५,०६६।६६ | ५०,०५,०६६।६६ | |
| ५ | नेपालगञ्ज वडा नं. ५ हस्मती मस्जित, साई मार्ग हुदै पूर्व जाने बाटो र नेपालगञ्ज वडा नं. ७ पिपल चौतारको पूर्व र पश्चिमको सडक निर्माण योजना | १,००,४३,३९५।६४ | ५०,२१,६९७।८२ | ५०,२१,६९७।८२ | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख



CamScanner

## मिति २०८०/१२/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ४**

जिल्ला समन्वय समिति, नेपालगञ्ज, बाँकेको पत्र संख्या २०८०/०८१, चलानी नं. ३३३, मिति २०८०/१२/११ गतेको पत्रानुसार पारिश्रमिक भुक्तानीका लागि माग भए बमोजिमको रकम रु.६००००.०० (साठी हजार मात्र) आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट जिल्ला समन्वय समिति, नेपालगञ्ज, बाँकेलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत ०४ नं. वडा कार्यालयको पत्र संख्या २०८०/०८१, चलानी नं. १९७२, मिति २०८०/१२/१७ गतेको पत्रानुसार आ.व. २०८०/०८१ मा सञ्चालित ठेक्का नं. NSMC/NCB/W04/U808 ROAD CONSTRUCTION WORK, NEPALGUNJ 4,19 कार्यमा बाटो निर्माण कालोपत्रे लागत अनुमान र सम्झौता बमोजिम बसपार्क देखि सुर्जिगाउँ जाने बाटो अधुरो हुने भएकोले सो बाटो पुरा गर्न, सुर्जिगाउँको गत वर्ष नाला निर्माण भएको बाटो पनि कालोपत्रे गर्नका लागि भेरिएसन गरी उक्त ठेक्कामा घटेको रकमबाट हुने गरी भेरिएसन गरिदिनुहुन भनि अनुरोध भएको हुँदा सो सडक पत्रमा माग भए बमोजिम भेरिएसन गरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत १६ नं. वडा कार्यालयको पत्र संख्या २०८०/०८१, चलानी नं. ९५४, मिति २०८०/१२/०४ गतेको पत्रानुसार सो वडामा रहेको जैसपुर खानेपानी योजना तथा सरसफाई उपभोक्ता समितिको २०८० साउन महिना देखि फागुन महिनासम्मको विद्युत महशुल रु.५२९१८.५१ (बाउन्न हजार नौ सय अठार रुपैया र एकाउन्न पैसा मात्र) भुक्तानीका लागि सिफारिस भई आएको हुँदा उक्त रकम आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नेपालगञ्ज उप-महानगरपालिकाको अश्व तबेला तथा कसगरहरुको कल्याणकारी एवं सुरक्षित आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ९(१)(ग) बमोजिम नगर स्तरीय अश्वपालकहरुको आवास, तबेला तथा पुनर्निर्माण वासस्थान निर्माण छनौट एवं कार्यान्वयन समितिमा नगर कार्यपालिका सदस्यहरु श्री अमृता कुमारी सिंह र श्री बिना थापा तथा सोहि कार्यविधिको दफा ९(४)(ख) बमोजिमको अनुगमन समितिमा नगर कार्यपालिका सदस्यहरु श्री शोभा खटिक र श्री पुष्पा सिंहलाई मनोनयन गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८०/१२/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ८**

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०८/१४ गतेको निर्णयानुसार आ.व. २०८०/०८१ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अनुसार स्वीकृत योजना तथा कार्यक्रम कसगर समुदायका व्यक्तिहरुको जिविकोपार्जनको लागि सवलिकरण कार्यक्रममा प्राप्त रकम रु.१,२०,०००००/- (एक करोड बिस लाख) को कार्यक्रम स्वीकृत गरिएकोमा उक्त कार्यक्रमहरुलाई प्रभावकारी रुपले सञ्चालन गर्नका लागि अश्व तबेला तथा कसगरहरुको कल्याणकारी एवं सुरक्षित आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ९(१) बमोजिमको नगर स्तरीय अश्वपालकहरुको आवास, तबेला तथा पुनर्निर्माण वासस्थान निर्माण छनौट एवं कार्यान्वयन समितिको मिति २०८०/१२/१३ गतेको निर्णय समेतका आधारमा तपसिल वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सविकको बजेट, योजना तथा कार्यक्रमहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | इकाइ | परिमाण | दर | जम्मा रकम | प्रथम वर्ष(रु.मा) | कैफियत |
| १ | व्यक्तिगत घर निर्माणको लागि सहयोग | प्रति घर | ४५ | ४००००० | १८०००००० | ६०००००० | १५ घर १ वर्षमा |
| २ | घरहरुको पूनर्निर्माणको लागि आंशिक सहयोग | प्रति घर | ७० | १००००० | ७०००००० | १५००००० | 15 partial support |
| ३ | अनौपचारिक शिक्षा | प्रति वार्ड | ७ | १२५००० | ८७५००० | ० | |
| ४ | १५० जनालाई सिप अभिवृद्धि तालिम | प्रति व्यक्ति | १५० | २५००० | ३७५०००० | ० | |
| ५ | समुदायका युवा पुरुषहरुको लागि सिप अभिवृद्धि तालिम | प्रति व्यक्ति | ५० | २५००० | १२५०००० | ० | |
| ६ | जीविको पार्जनका गतिविधिहरुको लागि अनुदान सहयोग | प्रति परिवार | १५० | २०००० | ३०००००० | ० | |
| ७ | नयाँ प्रविधिले माटो सामग्री बनाउने | लगभग | १ | १०००००० | १०००००० | ० | |
| ८ | वित्तिय साक्षरता कार्यक्रम | प्रति वर्ष | ५ | २००००० | १०००००० | २००००० | |
| ९ | पशु आश्रय निर्माणका लागि सहयोग | प्रति सेल्टर | २ | २५०००० | ५००००० | २५०००० | 1 shelter |
| १० | परिवारमा व्यक्तिगत आश्रयको नविकरणको लागि आंशिक समर्थन | | ५० | ८०००० | ४०००००० | ११००००० | १५ सेल्टर |
| ११ | संक्रामक र जुनोटिक रोगहरुबारे सचेतना | प्रति वार्ड | ७ | ३०००० | २१०००० | १५०००० | |
| १२ | जैविक सूरक्षा र सरसफाईमा संवेदनशीलता | प्रति वार्ड | ७ | १००००० | ७००००० | २००००० | |
| १३ | ५ वर्ष मुनिका बालबालिकालाई पोषण | प्रति वार्ड | ७ | १००००० | ७००००० | १००००० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख



CamScanner

## मिति २०८०/१२/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहयोग | | | | | | |
| १४ | जनावरहरुको लागि खोप तथा शिविर कार्यक्रम सञ्चालन | प्रति वार्ड | ७ | ८५७१४ | ६०००० | १२०००० | |
| १५ | पिउने पानीको श्रोत संरक्षण | लमसम | १ | ५०००००० | ५०००००० | ८००००० | |
| १६ | फोहोर व्यवस्थापन | प्रति वार्ड | ७ | १०००००० | ७०००००० | १३३०००० | |
| १७ | अनुगमन तथा मुल्याङ्कन | लमसम | १ | ७५०००० | ७५०००० | २५०००० | |
| | जम्मा रकम | | | | ५५३३५००० | १२०००००० | |

**संशोधित बजेट, योजना तथा कार्यक्रमहरु**

| सि.नं | विवरण | इकाइ | परिमाण | दर | जम्मा रकम | प्रथम वर्ष(रु.मा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | व्यक्तिगत घर निर्माणको लागि सहयोग | प्रति घर | ४५ | ४००००० | १८०००००० | ७२००००० | १८ घर १ वर्षमा |
| २ | घरहरुको पूनर्निर्माणको लागि आंशिक सहयोग | प्रति घर | ७० | १००००० | ७०००००० | ० | |
| ३ | अनौपचारिक शिक्षा | प्रति वार्ड | ७ | १२५००० | ८७५००० | ० | |
| ४ | १५० जनालाई सिप अभिवृद्धि तालिम | प्रति व्यक्ति | १५० | २५००० | ३७५०००० | ० | |
| ५ | समुदायका युवा पुरुषहरुको लागि सिप अभिवृद्धि तालिम | प्रति व्यक्ति | ५० | २५००० | १२५०००० | ० | |
| ६ | जीविको पार्जनका गतिविधिहरुको लागि अनुदान सहयोग | प्रति परिवार | १५० | २०००० | ३०००००० | ३०००००० | १२० परिवार |
| ७ | नयाँ प्रविधिले माटो सामाग्री बनाउने | लगभग | १ | १०००००० | १०००००० | ० | |
| ८ | वित्तिय साक्षरता कार्यक्रम | प्रति वर्ष | ५ | २००००० | १०००००० | ० | |
| ९ | पशु आश्रय निर्माणका लागि सहयोग | प्रति सेल्टर | २ | २५०००० | ५००००० | ० | |
| १० | पशु आश्रय निर्माणका लागि आंशिक सहयोग | | ५० | ८००००० | ४०००००० | १२८०००० | १६ पशु सेल्टर |
| ११ | संक्रामक र जुनोटिक रोगहरुबारे सचेतना | प्रति वार्ड | ७ | ३०००० | २१०००० | १५०००० | |
| १२ | जैविक सूरक्षा र सरसफाईमा संवेदनशीलता | प्रति वार्ड | ७ | १००००० | ७००००० | ० | |
| १३ | ५ वर्ष मुनिका बालबालिकालाई पोषण सहयोग | प्रति वार्ड | ७ | १००००० | ७००००० | ० | |
| १४ | जनावरहरुको लागि खोप तथा शिविर कार्यक्रम सञ्चालन | प्रति वार्ड | ७ | ८५७१४ | ६००००० | १२०००० | |
| १५ | पिउने पानीको श्रोत संरक्षण | लमसम | १ | ५०००००० | ५०००००० | ० | |
| १६ | फोहोर व्यवस्थापन | प्रति वार्ड | ७ | १०००००० | ७०००००० | ० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख



क्रमशः

## मिति २०८०/१२/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | अनुगमन तथा मुल्याङ्कन | लमसम | १ | १०००००० | ७५०००० | २५०००० | |
| जम्मा रकम | | | | | ५५३३५००० | १२०००००० | |

**निर्णय नं. ९**

सामाजिक विकास मञ्चले सेभ द चिल्ड्रेनको साझेदारीमा POWER4AY परियोजना यस नेपालगञ्ज उप–महानगरपालिका वडा नं. २,८,१२,२१ र २२ मा सञ्चालन गरिरहेकोमा उपरोक्त बमोजिमका वडा र अन्य वडा कार्यालयहरुको सिफारिस बमोजिम लक्षित समुहका विपन्न घरधुरीहरुमा जिविकोपार्जन, यौन तथा प्रजनन स्वास्थ्य र सरसफाईलाई ध्यानमा राख्दै २० वटा घरधुरीमा शौचालय निर्माण गर्न प्रति शौचालय निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिम हुन आउने कुल रकम बाट ५०% सामाजिक विकास मञ्च, नेपालगञ्ज १८, बाँकेले र ५०% रकम यस नेपालगञ्ज उप-महानगरपालिकाले व्यहोर्ने गरी संयुक्त लागत साझेदारीमा निर्माण गर्ने र यस कार्यालयको तर्फबाट हुने खर्च अन्य समपुरक बजेट शिर्षकबाट व्यहार्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत वडा नं. ०१ र १८ मा अवस्थित वाटरपार्कमा बोटिङ्ग सञ्चालन गर्न ठेकेदार कम्पनी बोटेबोरा प्रा.लि.को मिति २०८०/१२/१४ गतेको पत्रानुसार शुल्क निर्धारणका लागि पेश भएको हुँदा सो वाटरपार्कमा बोटिङ्ग सञ्चालन सूर्योदय देखि सूर्यास्तसम्म गर्ने र शुल्क तपसिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल

| शुल्कको निर्धारण | | | |
|---|---|---|---|
| सि.नं. | विवरण | रकम | कैफियत |
| १. | तिन फन्का(राउण्ड) | रु.२००.०० (दुई सय मात्र) | |
| २. | थप एक फन्का(राउण्ड)सहित | रु.२५०.०० (दुई सय पचास मात्र) | |

**निर्णय नं. ११**

यस नेपालगञ्ज उप-महानगरपालिको लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ अनुसार पुरुष सञ्जालका सदस्यहरुको नियुक्तिको लागि आदर्श पुरुषहरुको सूची (ROSTER) तयार गर्न ३०(तिस) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

## मिति २०८०/१२/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १२

मिति २०८०/११/२१ गते दिनको ३:०० बजे यस उप-महानगरपालिकामा कार्यरत कार्यालय सहयोगी श्री राजीवराज नेपाली कार्यालयले जारी गरेको पत्र बुझाउन यस कार्यालय अन्तर्गत वडा नं. २० मा गएको बेला सो वडामा बसोबास गर्ने श्री महबुब नाउँले कुटपिट गरी घाईते बनाएको र सो सम्बन्धी आवश्यक कारबाहीका लागि कार्यालयको प.सं. २०८०/८१, च.नं. ३३०४, मिति २०८०/११/२२ गतेको पत्रानुसार जिल्ला प्रहरी कार्यालय, बाँके, प.सं. २०८०/८१, च.नं. ३८७७, मिति २०८०/१२/१८ गतेको पत्रानुसार जिल्ला प्रहरी कार्यालय, बाँके र जिल्ला प्रशासन कार्यालय, बाँकेलाई जानकारी गराईएकोमा हालसम्म कुनै पनि कारबाही प्रक्रिया अगाडि बढेको जानकारी प्राप्त नभएको हुँदा कार्यालय सहयोगी श्री राजीवराज नेपालीको उपचार बापत खर्च भएको बिल बमोजिमको रकम रु.५८४२.८०(पाँच हजार आठ सय बयालिस रुपैया र असी पैसा मात्र) आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३

यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १३,१४,१६,२० र २२ मा सञ्चालित वर्थिङ्ग सेन्टरहरु प्रत्येक वडामा १/१ जना गरी जम्मा ५(पाँच) जना सरसफाई कर्मचारीहरु कार्यरत रहेको र निजहरुको २०८० असोज महिना देखि भुक्तानी गर्न बाँकी रहेको रकम दैनिक डोर हाजिरीका आधारमा भुक्तानी गर्ने र निजहरुलाई अर्को व्यवस्था नभएसम्म दैनिक ज्यालादारीमा जिल्ला दररेटका आधारमा सुविधा भुक्तानी गर्ने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. १४

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका क्षेत्रभित्र दैनिक फोहोरमैला व्यवस्थापन गर्नका लागि हाल कार्यरत सफाईकर्मीहरुको कमी भएको भनि सरसफाई तथा वातावरण प्रबर्द्धन शाखाबाट माग भएको हुँदा सो कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन अर्को व्यवस्था नभएसम्म थप ७(सात) जना सफाईकर्मीहरुलाई दैनिक ज्यालादारीमा जिल्ला दररेटका आधारमा सुविधा भुक्तानी गर्ने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. १५

यस नेपालगञ्ज उप-महानगरपालिकामा रिक्त रहेका महिला स्वास्थ्य स्वयंसेविकाको छनौट आवश्यक रिक्त संख्या नगर प्रमुख सँग स्वीकृति गराई "राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन २०७६)" बमोजिम गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CamScanner

नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०८०/१२/२७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :**

**निर्णय नं. १६**

यस नेपालगञ्ज उप-महानगरपालिकाको स्वास्थ्य तर्फको वित्तिय समानिकरणमा विनियोजित रकम अन्तर्गतका कार्यक्रमहरु सञ्चालन मार्गदर्शन, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०८/१४ गतेको बैठकको निर्णय नं. ३ मा "बागेश्वरी मन्दिरको पूर्व दक्षिण तर्फ रहेको किता नं. २ मा गत आ.व.मा भोजनालय बनाउने उद्देश्य सहित ठेक्का भई कार्यान्वयनका क्रममा जग्गाको बिवाद भई केही काम भए पश्चात ठेक्का रद्द भएको र हाल सम्माननीय अदालतबाट उक्त जग्गा संरक्षण गर्नु भन्ने आदेश भएको हुँदा पहिले ठेक्कामा निर्माण भएका पिल्लर हरुको लागि फलामे छड बुनी जग ढलान समेत गरिसकेको माथि हुने गरी बागेश्वरी भक्तजनहरु र पैदलयात्रु आदिका लागी शार्वजनिक शौचालयको निर्माण चालु आ.व. २०८०/०८१ मा बिनियोजन भएको नगरपालिकामा रहेका सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत तथा स्तरोउन्नति कार्यक्रम शिर्षकबाट गर्ने" भनि निर्णय भएकोमा बागेश्वरी मन्दिरको पूर्व दक्षिण तर्फ रहेको कित्ता नं. ३ हुनुपर्नेमा कित्ता नं. २ भनि उल्लेख हुन गएकोमा सो कित्ता नं. ३ रहने गरी सच्याउने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस नेपालगञ्ज उप-महानगरपालिकाको नगर आमसञ्चार नीति, २०७८ अनुसारका कार्यक्रम अगाडी बढाउन र सञ्चार क्षेत्र विकासका लागि देहाय बमोजिमको सञ्चार समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री प्रमोद रिजाल, वडा अध्यक्ष, वडा नं. ०१ | संयोजक |
| २. | श्री नविन गिरी, प्रेस सल्लाहकार | सदस्य |
| ३. | श्री कृष्ण प्रसाद जोशी | सदस्य-सचिव |

**निर्णय नं. १९**

शुभ एन.एस. कन्सट्रक्सन प्रा.लि. टोखा नगरपालिका-११, काठमाडौंको मिति २०८०/१२/२७ गतेको पत्रानुसार नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत ०८ नं. वडामा अवस्थित रानी तलाऊको सञ्चालन शुभ एन.एस. कन्सट्रक्सन प्रा.लि. टोखा नगरपालिका-११, काठमाडौंले ठेक्का मार्फत गर्दै आईरहेकोमा हाल रानी तलाउ संरक्षण समिति, नेपालगञ्ज-०८ मार्फत लुम्विनी प्रदेश सरकार, पर्यटन मन्त्रालयको योजना "रानी तलाऊको पर्यटकीय पूर्वाधार निर्माण" सञ्चालन भईरहेको हुँदा सो निर्माण कार्य सञ्चालन अवधिभरको ठेक्का रकम मिनाहा गरिदिनुहुन भनि अनुरोध भएको हुँदा सो निर्माण अवधिभर रानी तलाऊ नियमित रुपमा सञ्चालन समेत नहुने भएकोले मिति २०८१/०१/२५ गते देखि लागू हुने गरी २०८१ असार मसान्त सम्मका लागि ठेक्का रकम मिनाहा गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CamScanner